कार्यक्रमहरूको आलोचना वा निन्दा गरी जनसाधारणमा भ्रम फैलाउन हुँदैन ।

२४. संहितामा निषेधित काम अरूबाट गराउन नहुने:– यस संहितामा सदस्यले गर्न नहुने भनी निषेध गरिएको कुनै काम कुरा गर्ने उद्योग गर्न, अरूबाट गराउन वा सो गर्न अरूलाई दुरूत्साहन दिन समेत हुँदैन ।

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य-सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय सर्ि

## गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको
## सूचना

### आचार संहिता (उजूरी हेर्ने) कार्यविधि, २०३२

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ को नियम १४ को उप-नियम (२) ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले देहायको आचार संहिता (उजूरी हेर्ने) कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस कार्यविधिको नाम "आचार संहिता (उजूरी हेर्ने) कार्यविधि, २०३२" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:– यस कार्यविधिमा–

(क) "केन्द्रीय समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले नियमावलीको नियम १४ को उप-नियम (१) मा उल्लेख भए बमोजिम राष्ट्रिय पञ्चायत, गाउँफर्क राष्ट्रिय अभियान अञ्चल तथा जिल्ला समिति वा जिल्ला पञ्चायतका सदस्य सम्झनुपर्छ ।

(घ) "उप-समिति" भन्नाले नियमावलीको नियम १६ मा भएको व्यवस्था बमोजिम गठन हुने आचार संहिता उलङ्घन गरे बापत कारवाई गर्ने उप-समिति सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. आचार संहितासम्बन्धी उजूरीः– (१) कुनै सदस्यले सम्बन्धित आचार संहिता उलङ्घन गऱ्यो भनी कुनै व्यक्तिले केन्द्रीय समितिमा उजूर गर्न सक्नेछ र त्यसरी उजूरी गर्दा आफूलाई थाहा भएसम्मको सबै व्यहोरा खुलाउनुपर्छ।

(२) उप-दफा (१) बमोजिम कुनै व्यक्तिको उजूरी नपरे पनि केन्द्रीय समितिलाई त्यस्तो कुरा कुनै स्रोतबाट थाहा हुन आएमा यस कार्यविधि बमोजिम कारवाई चलाउन सक्नेछ।

(३) उप-दफा (१) बमोजिम उजूरी गर्ने व्यक्तिको नाम गोप्य राखिनेछ र उजूरी गर्नु पर्ने मुनासिब माफिकको कारण नदेखिएमा त्यस्तो व्यक्तिको गोप्य रिकर्ड राखिनेछ।

४. उजूरीसम्बन्धी कार्यविधिः– दफा ३ को उप-दफा (१) बमोजिम उजूरी परेपछि वा सोही दफाको उप-दफा (२) बमोजिम केन्द्रीय समितिले कारवाई चलाउन निर्णय गरेपछि तत्सम्बन्धी सबै कागजात उप-समितिमा पेश गरिनेछ र उप-समितिले दफा ५ बमोजिम कारवाई गरी आफ्नो ठहर प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्नेछ।

५. उजूरीको किनाराः– उप-समितिले उजूरीमा कारवाई गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनेछः–

(क) कुनै उजूरीको सम्बन्धमा छानबीन गरी आवश्यक भए सम्बन्धित सदस्यलाई समेत बुझी उजूरी तथ्यहीन देखिन आएमा तामेलीमा राख्न केन्द्रीय समितिमा प्रतिवेदन गर्नेछ।

(ख) खण्ड (क) अनुसार छानबीन गर्दा उप-समितिले जुनसुकै कार्यालय, अदालत, पञ्चायत, कुनै सरकारी कर्मचारी वा अन्य कुनै व्यक्तिलाई बुझ्न सक्नेछ र आवश्यक परेमा उजूरीसंग सम्बन्धित जुनसुकै कागजपत्र वा लिखत हेर्न वा मगाउन सक्नेछ र उजूरी तथ्ययुक्त देखिन आएमा सम्बन्धित सदस्यलाई लगाइएका आरोपहरू स्पष्ट खोली मुनासिब माफिकको म्याद दिई आफ्नो सफाइ प्रस्तुत गर्न सूचना दिनेछ र मुनासिब देखेमा थप म्याद समेत दिन सक्नेछ।

(ग) आरोप लागेको सदस्यलाई उप-समिति समक्ष उपस्थित गराउने, बयान गराउने, साक्षी प्रमाण बुझ्ने र लिखत दाखिल गराउने सम्बन्धमा उप-समितिलाई अदालतलाई भए सरहको सबै अधिकार प्राप्त हुनेछ।

(घ) खण्ड (ख) अनुसार दिइएको म्यादभित्र सम्बन्धित सदस्यबाट आफ्नो सफाइको निमित्त प्रस्तुत हुन आएको र छानबीनबाट संकलन हुन आएका सबूद प्रमाण समेतबाट उजूरी प्रमाणित हुन आएमा उप-समितिले आफ्नो ठहर प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्नु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

६. कार्यवाही:– उप-समितिबाट पेश हुन आएको प्रतिवेदनउपर विचार गरी केन्द्रीय समितिले नियमावलीको नियम १४ को उप-नियम (३) मा उल्लेख भए बमोजिमको कुनै कारवाई गर्न सक्नेछ वा तामेलीमा राख्न सक्नेछ ।

७. अवहेलना:– उप-समितिले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा बढीमा रू. ५००।– सम्म जरीवाना गर्न सक्नेछ । जरीवानाको त्यस्तो आदेशउपर कुनै अदालतमा उजूरी वा पुनरावेदन लाग्न सक्ने छैन ।

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य-सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

५६४